annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १८३ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २३ कात्तिक २०८१ | कार्तिक शुक्लपक्ष सप्तमी नेपाल संवत् ११४५ | FRIDAY, NOVEMBER 8, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## किन बन्द हुँदैछ १० घण्टा त्रिभुवन विमानस्थल ?

### भैरहवा र पोखराबाट उडान भर्न आग्रह

मुलुकको प्रमुख त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल १० घण्टा बन्द हुँदैछ। धावनमार्गलगायतका काम गर्न राति १० देखि बिहान ८ बजेसम्म विमानस्थल बन्द गर्न लागिएको हो। कात्तिक २३ देखि चैत १८ गतेसम्म विमानस्थल बन्द हुँदा उडान/अवतरणमा प्रत्यक्ष प्रभाव पर्दैछ। नेपाल नागरिक उड्डयन प्राधिकरणले गौतमबुद्ध भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्न विमान कम्पनीलाई आग्रह गरेको छ। संयुक्त अरब इमिरेट्स (यूएई) को फ्लाई दुबई, कुवेतको जजिरा एयरवेज र थाइल्यान्डको थाई एयर एसियाले भैरहवाबाट नियमित उडान गर्दैछन्। तर, पोखराबाट उडान गर्न कसैले निवेदन दिएका छैनन्।



**सुनिता कार्की** | *काठमाडौं*
**सलमान खान** | *भैरहवा*
– को रिपोर्ट

| बन्द हुने मिति र समय | उडान कटौती | हवाई यातायातको वार्षिक वृद्धि | थप अन्तर्राष्ट्रिय विमान पार्किङ गर्न मिल्ने | रनवेको क्षमतामा वृद्धि | कुल लागत |
|---|---|---|---|---|---|
| कात्तिक २३-चैत १८ दैनिक १० घण्टा | ३० प्रतिशत | ३-५ प्रतिशत | १८ वटा | २५ प्रतिशत | १५ अर्ब |

समाचार पृष्ठ २

## राष्ट्रपतिले गरे छठी माताको पूजा



**काठमाडौं** (अन्नपूर्ण): राष्ट्रपति रामचन्द्र पौडेलले छठी माताको पूजा आराधना गरेका छन्। राष्ट्रपति पौडेलले काठमाडौंको गौरीघाट र कमलपोखरीमा तयार गरिएको छठ पूजास्थलमा पुगेर बिहीबार अपराह्न छठी माताको पूजाअर्चना गरेका हुन्।

राष्ट्रपति पौडेल र पत्नी सविता पौडेलले पूजास्थलमा अस्ताउँदो सूर्यलाई अर्घदान गरे। राष्ट्रपति पौडेल सुरुमा पशुपति क्षेत्रस्थित गुह्येश्वरी मन्दिर अघि बागमती किनारमा निर्माण गरिएको छठ पूजास्थल पुगेका थिए।

उनले गुह्येश्वरीपछि कमलपोखरीमा रहेको छठ पूजास्थलमा पुगेर छठी माताको पूजा आराधना गरेका थिए। विधिवत् रूपमा चार दिनसम्म मनाइने छठ पर्वको तेस्रो दिन अर्थात् मुख्य दिन बिहीबार साँझ तराई-मधेसको जलाशयमा अस्ताउँदो सूर्यलाई अर्घ दिँदै छठ पर्व मनाइँदैछ।


छठ पर्व कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइन्छ। छठका व्रतालुले कार्तिक शुक्ल चतुर्थीदेखि नै चोखो खानपान गरी शुद्ध भएर बस्ने गर्छन्। छठको मुख्य दिन बिहीबार साँझ अस्ताउँदो सूर्यको पूजा आराधना गरी अर्घ दिइँदैछ। अर्घ दिनका लागि व्रतालुहरू छठघाटमा छन्। शुक्रबार उदाउँदो सूर्यलाई अर्घ दिएपछि विधिवत् छठ पर्व सकिन्छ।

## डलर बढ्यो, रेमिटयान्स पनि बढ्ने

### अमेरिकी सत्ता परिवर्तनको असर

**ममता थापा** | *काठमाडौं*

अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित भएलगत्तै बुधबार डलरको मूल्य अहिलेसम्मकै उच्च भयो। नेपाली रुपैयाँ कमजोर भयो। जबकि पाँच महिनादेखि अमेरिकी डलरको बिक्री मूल्य १३४ रुपैयाँ आसपासमा चलिरहेको थियो। तर नेपाल राष्ट्र बैंकले बिहीबार जारी गरेको दररेटअनुसार अमेरिकी डलरको बिक्री मूल्य ह्वात्तै बढेर १३५.१६ पुग्यो। खरिद मूल्य १३४.५६ रुपैयाँ छ। डलर महँगो हुँदा मुलुकको अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पर्ने विज्ञहरू बताउँछन्। डलरको मूल्यसँगै युरोको बिक्री मूल्य १४४.८६ र खरिद मूल्य १४४.२१ निर्धारण गरिएको छ। यसैगरी, पाउन्ड स्टर्लिङको बिक्री मूल्य १७३.९७ र खरिद मूल्य १७३.२० निर्धारण गरिएको छ। यससँगै, अस्ट्रेलियन डलको बिक्री मूल्य ८८.७३ र खरिद मूल्य ८८.३३ रुपैयाँ पुगेको छ। २०७९ असोजदेखि डलरको मूल्य निरन्तर उकालो लागेको थियो। त्यतिबेला एक अमेरिकी डलरको बिक्री दर अर्थात् विनिमय दर १३०.०९ पुगेको थियो । यस्तै खरिद दर भने १३०.०३ पैसा पुगेको थियो।



**के के क्षेत्रमा पर्‍यो असर ?**

- डलरको मूल्य १३५.१६ रुपैयाँ
- आयात महँगिँदा मूल्यवृद्धिमा चाप
- रेमिट्यान्स अझै बढी भित्रिने
- देशको ऋणको व्ययभार बढ्यो
- नेपाली रुपैयाँ कमजोर
- सुनको मूल्य घट्यो

डलर बलियो हुँदा मुलुकमा भित्रिने रेमिट्यान्समा अझै वृद्धि हुने औंल्याउँछन्, बैंकविज्ञ, अनलराज भट्टराई। नेपाल रेमिट्यान्स केन्द्रित मुलुक भएकाले थुप्रै रकम बाहिरबाटै आउँछ। बैंकविज्ञ भट्टराई भन्छन्, 'अब वैदेशिक रोजगारमा गएका नेपालीले पठाउने रेमिट्यान्स केही हदसम्म बढ्छ। एक हिसाबले यो फाइदा नै हुन्छ। पहिला प्रतिडलर १३४ रुपैयाँ हाराहारीमा आइरहेको रेमिट्यान्स अब १ डलरको १३५ रुपैयाँ हुँदा धेरै फरक पर्छ।' जबकि अहिले नेपालमा रेमिट्यान्स महिनैपिच्छे वृद्धि भएर विदेशी मुद्रा सञ्चिति पर्याप्त हुन थालेको छ।

डलरको विनिमय दर बढ्दा रेमिट्यान्स आउने देशलाई फाइदै हो तर आयातमुखी देश भएकाले वस्तु तथा सेवा महँगो पर्न जाने र मूल्यवृद्धि हुने उनले गराए। 'यसले सरकारको राजस्व केही हदसम्म त बढ्छ । तर यसबाट मूल्यको चाप आम उपभोक्तालाई पर्ने भएकाले मारमा सर्वसाधारण पर्छन्,' बैंक विज्ञ भट्टराईले अन्नपूर्णसँग भने।

अमेरिकामा ट्रम्प नेतृत्वको सरकार आएसँगै अब वैदेशिक नीतिहरू कस्तो आउँछ। विभिन्न मुलुकमा भएको द्वन्द्व कस्तो हुन्छ भन्नेमा पनि डलरको विनिमय दर सोहीअनुसार घटबढ हुने उनको भनाइ छ। डलर बढेपछि सुनको मूल्य भने एक्कासि घटेको छ। अमेरिकामा ट्रम्प निर्वाचित भएपछि अन्तर्राष्ट्रिय बजार स्थिरतातिर जान सक्ने र जियोपोलिटिकल विषयले पनि निकासा पाउन सक्ने अनुमानले गर्दा पनि यस्तो अवस्था देखिएको विज्ञहरू बताउँछन्।

» बाँकी पृष्ठ ६

## सुजंग अस्पताल अप्रेसन थिएटरमा बालिकाको मृत्यु

**शिवराज भट्ट** | *धनगढी*

डोटीको दिपायलस्थित सुजंग अस्पतालमा शल्यक्रिया गर्ने क्रममा बालिकाको ज्यान गएको छ। डोटीको दिपायल सिलगढी नगरपालिका–३ की ९ वर्षीया बालिका रजनी सार्कीको बुधबार राति १० बजेतिर शल्यक्रियाकै क्रममा अस्पतालमा ज्यान गएको हो।

दिपायल सिलगढी नगरपालिका–३ की रजनीको शिखर नगरपालिका–३ मा पर्ने मामा घरमा खेल्ने क्रममा हात भाँच्चिएको थियो। १७ गते आमा ज्ञानु सार्कीसँगै मामाघर गएकी रजनीको मामाघरका बालबालिकासँग खेल्ने क्रममा हात भाँच्चिएको थियो।

हात भाँच्चिएपछि मामा प्रकाशले उनलाई उपचारका लागि आफ्नै मोटरसाइकलमा राखेर सुजंग अस्पताल पुर्‍याएका थिए। '२० गते हात भाँच्चिएकै दिन बेलुकी साढे ६ बजे अस्पताल पुर्‍याए, अस्पतालमा एक्सरे गर्दा भान्जीको बायाँ हातको कुम नजिक भाँच्चिएको रहेछ।

» बाँकी पृष्ठ ६

## रातम्मे भित्तामा ५ तलाको ४० कोठे गुफा

**सुन्दरकुमार थकाली** | *जोमसोमं*

रातो रंगले लेपन लगाएजस्तै कलात्मक पहाड, त्यसमै गुफा। झट्ट हेर्दा भित्तामा केही कुँदेको होला जस्तो लाग्छ। तर, गुफामा प्रवेश गरेपछि जो कोहीले भन्छ- वाहा। कसले किन यति भव्य गुफा बनायो होला? लोमान्थाङ–१ छोसेरस्थित सिजा झोङ गुफा झन्डै १५५ फिट अग्लो छ। ५ तलाको छ। गुफाभित्र ४० वटा कोठा छन। जुन, निकै कलात्मक छन्। सदिऔं वर्षपहिले भित्तामा कुँदेर यो गुफा बनाइएको हो।

उपल्लो मुस्ताङ घुम्न आउने स्वदेशी/विदेशी पर्यटकको रोजाइमा यो गुफा पर्ने गरेको छ। लोमान्थाङ–१ छोसेरमा अवस्थित सिजा झोङ गुफाले चर्चा बटुल्न थालेको छ। विगतमा गुमनाम जस्तै थियो। उपल्लो मुस्ताङको लोमान्थाङ बजारदेखि उत्तर करिब ७ किमिमा यो गुफा छ। जोमसोम–कोरला सडकको नजिकै पर्छ। जोमसोम–कोरला सडकमार्गअन्तर्गत छोसेरस्थित नेचुङ भन्सार कार्यालयबाट पश्चिमतर्फ मोडिएमा केहीबेरको यात्रा तय गरेपछि गुफा भएको स्थानमा पुग्न सकिन्छ। सडकमार्गबाटै प्रस्टसँग देखिने गुफा रहेको पहाडलाई रातो रंगले लेपन लगाएको जस्तै देखिन्छ। पछिल्लो समय कोरलानाका अवलोकन गरी फर्किएका पर्यटकहरू छोसेरको सिजा झोङ गुफा अवलोकन गर्न छुटाउँदैनन्। उपल्लो मुस्ताङ भ्रमणका लागि पुगेका विदेशी पर्यटकले समेत गुफाको अवलोकन गरेर फर्किने गरेको पाइएको छ।



**उपल्लो मुस्ताङको लोमान्थाङ–१ छोसेरमा अवस्थित १५५ फिट अग्लो ५ तलाको ४० कोठे मानवनिर्मित गुफा।** ● विकास केसी

समुद्री सतहको ३ हजार ७ सय ९५ मिटरको उचाइमा चारैतिर हरियालीबिनाको नाङ्गो पहाडको भित्तामा यो गुफा छ। गुफा हेर्दा लाग्छ, वास्तविक मूर्तिकारको उत्कृष्ट कृतिको रूपमा निर्माण गरेका हुन्। गुफाका कोठा एकआपसमा जोडिएका छन्। गुफाभित्र माथिल्ला तला उक्लिन काठको सिँढी राखिएको छ। गुफाभित्र पस्दा सुरुङमार्ग जस्तै देखिन्छ। गुफाको कोठाभित्र पस्दा र माथिल्लो तला उक्लिन टाउँको झुकाउनु पर्छ। गुफाको माथिल्ला तलाहरूको बाहिरी भागमा छिद्रछिद्र प्वालहरू देख्न सकिन्छ। ती प्वालबाट अवलोकन गर्दा छोसेर गाउँलगायत त्यस आसपासको प्राकृतिक भूगोल निकै मनमोहक देखिन्छ।

विशाल पहाडलाई घरेलु हतियारले खोपेर सदिऔं वर्षपहिले गुफा निर्माण गरिएको भए पनि गुफाको वास्तविक तथ्य अझै बाहिर आउन सकेको छैन। स्थानीयवासी र जानकारहरू शत्रुहरूसँग बच्नका लागि मानव निर्मित गुफा बनाइएको कथा सुनाउँछन्। गुफाको भुइँतलाबाट ५ तला घुम्न करिब २ घण्टा समय लाग्छ। गुफाभित्र बत्ती बाल्ने ठाउँ र सामग्री भण्डारणलगायत विभिन्न कलासंस्कृति गुफालाई मनमोहक बनाएको छ।

» बाँकी पृष्ठ ६